नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक ८५ | २०७९ साल कात्तिक ११ गते शुक्रबार (28 Oct 2022 Friday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

## डेंगीबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ ।
तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

*यस अंक भित्र :* २ पृष्ठमा : आचारसंहिता उल्लङ्घन गर्नेलाई.. ३ पृष्ठमा : विदेशी फलफूलको ... ३ पृष्ठमा :सङ्कटपूर्ण अवस्थामा रहेका...

# छठ पर्वको धुमधाम साथ तयारी



**दैनिक समाचारदाता**
**राजविराज, १० कात्तिक ।**

तराई मधेशवासीले लोक आस्थाको पर्व छठ धुमधाम साथ मनाउन उत्साहपूवर्क जुटेका छन् ।

दशैं तिहार समाप्तिसँगै अहिले उनीहरु विभिन्न ताल, तलाउ र जलासयलाई सफागरि पूजाघाट तयार गर्ने काममा स्थानिय ब्यस्त भएका छन् ।

जिल्लाको सप्तकोशी नदीका साथै सदरमुकाम राजविराजस्थित कल्टु, पूर्णी, तुरन्ती, शिव, भगवतीलगायतका पोखरी सरसफाई र घाट बनाउने काम तिब्र रुपमा अघि बढेको छ ।

छठ मनाउने भक्तजनका साथै विगत एक सातादेखी राजविराज नगरपालिकाका सफाइकर्मी, नगरका जलाशयहरुमा खटिएका छन् ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत निरन्ज प्रसाद यादवको अगुवाईमा नगरपालिका भित्रका जलासय सरसफाईमा एउटा टोली नै परिचालित भएका छन् । कतिपय जलाशय सफाईमा सेना र प्रहरीले पनि सघाएका छन् ।

सूर्यको आराधान गरि मनाइने छठ पर्व अन्तरगत यसपल्ट शुक्रबारबाट नहाई खाय बिधिबाट शुरु हुने पण्डित दुर्गानन्द मिश्रको भनाई छ । दोश्रो दिन शनिबार खरना, तेश्रो दिन आइतबार साँझ सन्ध्याकालिन अर्घ तथा चौथो दिन सोमबार बिहान सम्पूर्ण पूजन सामाग्रिसहित उदाउँदो सूर्यलाई अर्घ दिने पण्डित मिश्र बताउँछन् ।

यता छठ पर्व मनाउन स्थानियवासी आवश्यक सामाग्रि किन्न हटिया बजारतर्फ भिड लागेका छन् । यहाँका गाउँ, ग्रामिण हाटदेखी सहरमा छठको चहलपहल बढेको छ । बजारमा छठको सामान किन्नेको घुँइचो देखिएको छ । विगत भन्दा यस वर्ष बजार भाऊ निकै बढेको स्थानिय भक्तजनको गुनासो पनि रहेको छ ।

यता छठ पर्व मनाउने जलाशय र पूजा घाटहरुमा आवश्यक सुरक्षा व्यवस्थापनका लागि विशेष सूरक्षा तयारी गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता समेत रहेका डिएसपी नरेश सिंहले बताए । जिल्लावासीलाई ढुक्क भएर छठ पर्व मनाउन विशेष सुरक्षा तयारी गरिएको छचस। भिड ब्यवस्थित र सर्वसाधारणको शान्ति सुरक्षाका लागि ठूलो संख्यामा सादा पोशाकका प्रहरी समेत परिचालन हुने उनले बताए ।

पारिवारिक सुख, शान्ति, कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकांक्षा पूरा हुने जनविश्वासका साथ श्रद्धापूर्वक मनाइने यो पर्व मनाउनेको संख्या प्रत्येक वर्ष बृद्धि भइरहेको छ ।

# बन्दसूचीबाट हटाइएका ५५० को नामावली सार्वजनिक

काठमाडौँ, १० कात्तिक (रासस) ।

निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन, २०७९ का लागि समानुपातिकतर्फ दलहरुले पेस गरेको बन्दसूचीमा नाम समावेश भएका मध्ये दाबी विरोधको जाँचबुझ, जरिवाना नतिरेका, लाभको पदमा रहेका र कालोसूचीमा रहेका व्यक्तिको नाम सार्वजनिक गरेको छ ।

यही कात्तिक ८ गतेको आयोग र उक्त प्रणालीको मुख्य निर्वाचन अधिकृतको कार्यालयको निर्णयबाट ती नाम बन्दसूचीबाट हटाइएको हो । उक्त प्रणालीतर्फ छ हजार चारसय ५७ जना उम्मेदवार रहेकामध्ये निर्वाचन कानुन तथा निर्वाचन आचारसंहिता बमोजिम तोकिएको जरिवाना नबुझाउने तीन सय ६९, उम्मेदवारका सम्बन्धमा परेको दाबी विरोध उपर जाँचबुझबाट गरी पाँच सय ४८ र समानुपातिक निर्वाचन प्रणालीतर्फको मुख्य निर्वाचन अधिकृतको कार्यालयको निर्णयबाट लाभको पदमा बहाल रहेका एक र कालोसूचीमा रहेका एक गरी कूल पाँच सय ५० व्यक्तिको नाम सम्बन्धित दलले पेस गरेको बन्दसूचीबाट हटाइएको छ ।

प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्यका लागि दलहरूले पेस गरेको बन्दसूचीमा समावेश भएका उम्मेदवारको सम्बन्धमा जाँचबुझ गर्दा दाबी विरोधमा उजुरी नपरेका कतिपय व्यक्तिले स्थानीय तह सदस्य निर्वाचन २०७९ मा उम्मेदवार भई निर्वाचन खर्चको विवरण पेस नगरेको पाइएको र २०७९ कात्तिक पाँच गतेभित्र तोकिएको जरिवाना बुझाउने मौका प्रदान भएकोमा सो अवधिभित्र समेत जरिवाना नबुझाउने तीन सय ६९ जनाको नाम सम्बन्धित दलले पेस गरेको बन्दसूचीबाट हटाउने निर्णय भएको हो ।

यस्तै बन्दसूचीमा समावेश रहेकामध्ये २०७९ असोज २ गतेसम्म २५ वर्ष उमेर नपुगेका प्रतिनिधिसभा सदस्यतर्फ २३ र प्रदेशसभा सदस्यतर्फ २९ गरी ५२, दोहोरो उम्मेदवारी परेका ६६, महिला पुरूषको विवरण फरक परेका ३७, कुनै गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम नभएका प्रतिनिधिसभातर्फका ६, सम्बन्धित प्रदेशभित्रको मतदाता नामावलीमा नाम नभएका प्रदेशसभातर्फका १२ र आवश्यक कागज प्रमाण पेस नभएका ६ जनाको नाम पनि सम्बन्धित दलले पेस गरेको बन्दसूचीबाट हटाइको छ ।

# प्रतिनिधिसभको समानुपातिकतर्फ २२ सय उम्मेदवार

काठमाडौँ, १० कात्तिक (रासस) ।

निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिक निर्वाचन प्रणालीतर्फका उम्मेदवारको अन्तिम बन्दसूची प्रकाशन गरेको छ । निर्वाचन प्रयोजनका लागि दलले पेश गरेको बन्दसूचीको जाँचबुझ गरी अन्तिम बन्दसूची प्रकाशन गरिएको आयोले जनाएको छ । समानुपातिकतर्फको बन्दसूचीको विस्तृत विवरण आयोगको वेबसाइटमा राखिएको छ ।

प्रतिनिधिसभाको समानुपातिकतर्फ लागि दुई हजार एक सय ९९ जना उम्मेदवार रहेका छन् । प्रदेशसभा सदस्य निर्वाचनतर्फ प्रदेश नं १ का लागि छ सय १६, मधेसका लागि आठ सय ६३, बागमतीका सात सय ५४, गण्डकीका लागि तीन सय ४४, लुम्बिनीका पाँच सय ७९, कर्णालीका लागि दुई सय र सुदूरपश्चिम प्रदेशका लागि तीन सय ५२ उम्मेदवार छन् ।

सो समानुपातिकतर्फ दलले पेश गरेको बन्दसूचीमा नाम समावेश भएकामध्ये दाबी विरोधको जाँचबुझ, जरिवाना नतिरेका, लाभको पदमा रहेका र कालोसूचीमा रहेका पाँच सय ५० जनाको नाम सूचीबाट हटाइएको आयोगले जनाएको छ । समानुपातिक प्रणालीतर्फ लागि राजनीतिक दलले पेश गरेको बन्दसूचीमा प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्यमा गरी छ हजार चार सय ५७ उम्मेदवार थिए ।

# वरिष्ठ अधिवक्ता यादवको घरमा पेट्रोल बम प्रहार



**दैनिक समाचारदाता**
**राजविराज, १० कात्तिक ।**

राजविराज उच्च अदालत बार एशोसिएशनले सप्तरी जिल्ला बार इकाईका सदस्य एवं वरिष्ठ अधिवक्ता सुरेन्द्र प्रसाद यादवको घरमा पेट्रोल बम प्रहार घटनाको घोर निन्दा गरेको छ ।

एशोसिएशनका अध्यक्ष भरत यादवले बिहीबार एक विज्ञप्ति जारि गर्दै वरिष्ठ अधिवक्ता यादवको विष्णुपुर गाउँपालिका गोरगामास्थित घरमा बुधबार राती अज्ञात व्यक्तिले पेट्रोल बम प्रहार गरेको उल्लेख गरिएको छ ।

विज्ञप्तिमा सो घटनाका दोषि पत्ता लगाई कानुन बमोजिम कारवाहीका लागि सुरक्षा निकायसँग अपिल गरेको छ । चाडपर्वको बेला सुरक्षा निकायको कमजोरी भएको ठहर गर्दै अब उपरान्त यस्ता घटना हुन नदिन सुरक्षानिकायलाई सचेत समेत गराइएको छ ।

यता अधिवक्ता यादवले बम प्रहारबाट कुनै क्षति नभएपनि त्रासको महौल उत्पन्न भएको र आफू सहित परिवार असुरक्षित महसुस गरिरहेको प्रतिक्रिया दिए ।

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## सम्पादकीय

### जनता निर्णायक

चाडवाडका बीच मंसिर ४ गते हुने प्रतिनिधि र प्रदेशसभा निर्वाचनको माहौल निकै तातिएको छ। बितेको दशैं र तिहारमा उम्मेदवारहरु मतदाताको घरदैलोमै पुगेर मत माग्न पछि परेनन्। उनीहरु सार्वजनिक बिदाको फाइदा उठाउँदै मतदाताको घर, खेत लगायत पुगेर घुडा ढोक्दै मत मागे। यसरी हेर्दा पाँच वर्षमा नगरिएको काम एकै दिन उनीहरुले पुरा गरे।

चुनाव सकिएपछि पदाधिकारीहरु मतदाताको घर नपुगे पनि पुनः चुनावमा एकै दिन घरमा पुगेर आफूले गरेको गल्तिमो माफिसमेत माग्न भ्याए। पूर्णरुपमा स्वार्थमा डुबेका उम्मेदवारहरु यसरी खुट्टा ढोक्न सम्म पुग्नु भनेको राजनीतिमा जे सुकै गर्न पछाडी नपर्ने कुरालाई पुष्टि गर्दछ।

तर, अब नेपाली जनता स्वार्थी नेताहरुलाई मुखले होइन ब्यालेटले जवाफ दिने तयारी गरिरहेका छन्। अभिभावकको भूमिका निर्वाह गर्नुपर्ने जनप्रतिनिधि चुकेको भन्दै पुनः उनीहरुलाई सोही ठाउँमा पुऱ्याउनु भन्दा पनि जनता माँझमै राख्ने तयारी गरिरहेका छन्।

पाँच वर्षमा एक पटक हुने निर्वाचनप्रति जनता अहिले निकै जागरुक भइसकेका छन्। उनीहरु यस पटक सच्चा, इमान्दार, जनताप्रेमी, विकासप्रेमी सुख दुःखमा साथ दिने जनप्रतिनिधिको खोजिमा छन्। तसर्थ जनता नै निर्णायक हुने हुँदा उम्मेदवारहरुले उनीहरुप्रति थोरै भएपनि इमान्दारिता देखाउनु उत्तिकै आवश्यक छ।

# आचारसंहिता उल्लङ्घन गर्नेलाई आयोगको धमामध स्पष्टीकरण

**सिबी अधिकारी**
काठमाडौँ, १० कात्तिक (रासस)।

आगामी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय बनाउन निर्वाचन आयोगले आचारसंहिताको कडाइका साथ अनुगमन गरिरहेको छ। आचारसंहिता उल्लङ्घन गर्ने निर्वाचनमा सहभागी राजनीतिक दल, नेता र विभिन्न निकायलाई आयोगले स्पष्टीकरण सोध्नेदेखि सचेतसमेत गराउँदै आएको छ।

निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने जो-कोहीलाई स्पष्टीकरण सोध्न सक्ने आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले बताउनुभयो। उहाँले भन्नुभयो, "आचारसंहिता उल्लङ्घन गर्ने साना या ठूलालाई छाड्ने भन्ने हुँदैन। आचारसंहिता उल्लङ्घनको विषय सबैलाई समानरूपमा लागू हुन्छ। निर्वाचनको स्वच्छता, निष्पक्षता र विश्वशनीयतामा आँच पुऱ्याउने खालका गतिविधिमा आयोगको ध्यानाकर्षण हुन्छ।"

निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने राजनीतिक दल, व्यक्ति र निकायप्रति आयोग स्पष्टीकरण सोधिरहेको छ। आयोगले पछिल्ला दिनमा पूर्वप्रधानमन्त्रीदेखि विशिष्ट व्यक्ति एवं विभिन्न निकायलाई स्पष्टीकरण सोध्ने र आचारसंहिताबारे आवश्यक निर्देशन र सचेत गराइरहेको छ।

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाललाई हालै आयोगले सोधेको स्पष्टीकरणको विषयले सञ्चारमाध्यम र सामाजिक सञ्जाल तरङ्गित भएको थियो। रौतहट क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य उम्मेदवारसमेत रहनुभएका नेता नेपालले आफ्नो चुनावी क्षेत्र रौतहटमा आयोजित एक कार्यक्रममा वैदेशिक रोजगारीमा जानेलाई फ्री भिसा फ्री टिकट पनि सुरु गरेको बताउनुभयो।

त्यसअघि आयोगले नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई आचारसंहिता उल्लङ्घन गरेको भन्दै स्पष्टीकरण सोधेको थियो। गोरखा क्षेत्र नं २ का उम्मेदवारसमेत रहनुभएका अध्यक्ष दाहालले आफ्नो उम्मेदवारी मनोनयनका क्रममा पञ्चेबाजासहित कार्यक्रम गरेको सन्दर्भमा स्पष्टीकरण सोधेको आयोगको भनाइ छ।

आयोगले पूर्वप्रधानमन्त्रीद्वय दाहाल र नेपाल प्रतिनिधि उम्मेदवारजस्तै मन्त्रीको जिम्मेवारीमा रहेका एवं अन्य विशिष्ट व्यक्तिहरूदेखि हरेक उम्मेदवारलाई आचारसंहिता उल्लङ्घन गरेवापत धमाधम स्पष्टीकरण सोधिरहेको छ।

**५४ वटा स्पष्टीकरण**

आयोगले निर्वाचन घोषण भएयता हालसम्म ५४ वटा स्पष्टीकरण सोधिसकेको छ। यसरी स्पष्टीकरण सोधिएकामा राजनीतिक दल, व्यक्ति र संस्था रहेका छन्। स्पष्टीकरण सोधिएकामध्ये ३८ वडाको जवाफ प्राप्त भएको आयोगका सहायक प्रवक्ता शर्माले बताउनुभयो। हालसम्म सोधिएका स्पष्टीकरण अधिकांश २४ घण्टाको अवधि दिएर सोधिएको छ। आयोगले विभिन्न माध्यमबाट जानकारीमा आएका आधारमा स्पष्टीकरण सोध्ने गरेको छ।

आयोगले हालै सहरी विकासमन्त्री मेटमणि चौधरीलाई बाढीपीडितका नाममा चामल वितरण गरेको सम्बन्धमा २४ घण्टे स्पष्टीकरण दिन निर्देशन दिएको थियो। राष्ट्रिय स्वतन्त्र पार्टीका काठमाडौँ क्षेत्र ६ का प्रतिनिधिसभाका उम्मेदवार शिशिर खनाललाई स्पष्टीकरण सोधिएको थियो।

त्यसैगरी आचारसंहिता उल्लङ्घन हुने गरी प्रचार-प्रसार गरेको भन्दै बारा क्षेत्र नं ४ का कृष्णकुमार श्रेष्ठलाई २४ घण्टे स्पष्टीकरण सोधेको आयोगले भक्तपुर क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार नेपाली कांग्रेसका जिल्ला अध्यक्ष दुर्लभ थापालाई स्पष्टीकरण सोधेको थियो। नेकपा (एमाले)का तर्फबाट बझाङ जिल्लाबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार ऐनबहादुर महरलाई जिल्लास्तरीय खुला प्रतियोगिताका विजेतालाई निर्वाचन आचारसंहिताविपरीत प्रथम पुरस्कार भनी रु ४१ हजार प्रदान गरेको भनी सामाजिक सञ्जालमा सार्वजनिक भएको विषयमा आयोगले २४ घण्टे स्पष्टीकरण सोधेको थियो।

अयोगले कात्तिक ७ गते निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय बनाउनु सरकार तथा प्रदेश सरकारको समेत मुख्य जिम्मेवारी भएकाले निर्वाचन प्रचार-प्रसारका सम्बन्धमा निर्वाचन आचारसंहिताको पालना गर्न र गराउन सातवटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिएको थियो।

आयोगले यही कात्तिक २ गते राजनीतिक दल तथा उम्मेदवारलाई आचारसंहिता कार्यान्वयन गर्न सात बुँदे निर्देशन दिएको थियो। लाभको पदमा रहेका कतिपय राजनीतिक व्यक्तिहरू निर्वाचन प्रचार-प्रसार गर्दा सरकारी स्रोत साधनको उपयोग गरी घरदैलोको कार्यक्रम गर्दा सुरक्षाकर्मीसहित २५ जनाभन्दा बढी सङ्ख्याको जुलुस लिई हिँड्ने, राजनीतिक दलहरूले जुलुस, आमसभा, कोणसभा वा भेला आयोजना गर्ने, अनुमति नलिई निर्वाचन प्रचार-प्रसारका लागि सवारीसाधनको प्रयोग गर्ने समेतका गतिविधि भएको भन्दै आयोगले राजनीतिक दल तथा उम्मेदवारलाई आचारसंहिता कार्यान्वयन गर्न सात बुँदे निर्देशन दिएको हो।

निर्वाचन आयोगले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि गत असोज १२ देखि आचारसंहिता लागू गरेको थियो। निर्वाचन आचारसंहिता, २०७९ को दफा ४ मा सबैले पालना गर्नुपर्ने आचरणअन्तर्गत खण्ड (न) मा 'कुनै प्रकारले निर्वाचनको स्वच्छता वा निष्पक्षतालाई प्रभावित गर्ने गरी कुनै कार्य गर्न नहुने' व्यवस्था रहेको छ।

आयोगले निर्वाचनका उम्मेदवार, राजनीतिक दल तथा सरकारी निकाय एवं सङ्घसंस्थालाई निर्वाचन आचारसंहिता उल्लङ्घनबारे स्पष्टीकरण सोध्दै आएको छ। निर्वाचन आचारसंहिताविपरीतका अन्य व्यवस्थाको उल्लङ्घन भएमा प्रचलित कानुनबमोजिम जरिवाना तथा उम्मेदवारी खारेजसम्मको सजाय हुनसक्ने व्यवस्था भएकाले राजनीतिक दल तथा उम्मेदवारहरूले निर्वाचन आचारसंहिताको व्यवस्था आफूले पालना गर्ने र अरूलाई समेत पालना गर्न लगाउन निर्देशन दिइएको छ।

निर्वाचन आचारसंहितामा सङ्घीय सरकारका मन्त्री, प्रदेश सरकारका मन्त्री र स्थानीय तहका कार्यपालिका सदस्यलाई चुनाव प्रचार-प्रसारमा बन्देज गरिएको छ। आचारसंहिताअनुसार प्रधानमन्त्री र मन्त्री, प्रदेशका मुख्यमन्त्रीदेखि स्थानीय तहको कार्यपालिकाका पदाधिकारीले कुनै दलको पक्ष-विपक्षमा प्रचार-प्रसार गर्न पाउने छैनन्। आफू उम्मेदवार भएको ठाउँमा भने प्रचार गर्न जान पाउँछन्। तर सरकारी स्रोत साधन प्रयोग गर्न पाउने छैनन्।

आगामी निर्वाचनमा जम्मा मतदाता सङ्ख्या एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० रहेका छन्। त्यसमध्ये महिला ८८ लाख ४७ हजार पाँच सय ७९ र पुरुष ९१ लाख ४० हजार आठ सय छ रहेका छन् भने अन्य एक सय ८५ रहेका छन्।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन

मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# विदेशी फलफूलको प्रभाव बढ्दै

**रिताकुमारी बस्नेत**
काठमाडौं, १० कात्तिक (रासस)।

यतिबेला फलफूल व्यवसायीहरूले तिहारलाई लक्षित गरी स्याउ, केरा, सुन्तला, मौसम, नरिबल आदि फलफूल स्वदेश तथा विदेशबाट उपत्यका भित्र्याउने गर्छन्। कालिमाटी, कुलेश्वर, बल्खु, जडीबुटी, एकान्तकुना, जोरपाटी, धुमबाराहीलगायत काठमाडौं उपत्यकाको ठाउँठाउँमा फलफूलका थोक बजार छन्।

काठमाडौं उपत्यकामा भित्रिने कूल फलफूलको ८० देखि ९० प्रतिशत कालिमाटी र कुलेश्वरको बजारमा जम्मा हुने गरेको सुनाउनुहुन्छ नेपाल फलफूल थोक व्यवसाय सङ्घ, काठमाडौंका अध्यक्ष अम्मर बानियाँ। कुलेश्वरस्थित थोक बजारमा फलफूल मात्रै पाइन्छ। उहाँका अनुसार उपत्यकाभर र उपत्यका आसपासका जिल्लाका व्यवसायीले कुलेश्वरस्थित सोही बजारबाट फलफूल किनेर लाने गर्छन्।

अध्यक्ष बानियाँ भन्नुहुन्छ, "तिहारमा मुख्यगरी फलफूल स्याउ, सुन्तला, मौसम, केरा, नरिवलको खपत बढी हुने गर्दछ। हुनेखानेले किबी, अङ्गुर, ड्रागन फ्रुटलगायत महङ्गा फलफूल पनि किन्ने भएकाले त्यस्ता फलफूल पनि केही मात्रामा बिक्री हुने गर्छ।" हाल बजारमा व्यवसायीले भारतीय (कास्मिरी) चकलेटी स्याउ बढी मात्रामा बिक्री गरिराखेका छन्। यसको होलसेल मूल्य प्रतिकेजी १३० देखि १४० रूपैयाँ पर्छ भने नेपाली स्याउको मूल्य प्रतिकेजी १३० देखि १९० रूपैयाँसम्म पर्छ।"

तिहारको लागि भनेर पाँच दिनमा कास्मिरबाट चकलेटी स्याउ प्रतिगाडी २० टनका दरले ५० गाडी कुलेश्वर होलसेल बजारमा मात्र भित्रिने गरेको छ। अध्यक्ष बानियाँ भन्नुहुन्छ, "२० टनको एउटा गाडीको लागत (भन्सार, भाडा, खरिद सबै जोडेर) नेपाली २० लाख रूपैयाँ खर्च हुन्छ। तिहारको लागि रु १० करोडको कास्मिरबाट चकलेटी स्याउ भित्रियो। त्यस्तै, चिनियाँ स्याउ २० करोड रूपैयाँको आएको छ। यसरी बाहिरबाट १० र २० करोड गरी ३० करोड रूपैयाँको स्याउ यसपटक भित्रियो। मनाङ, मुस्ताङलगायत जिल्लाबाट करिब तीन करोडको स्याउ उपत्यका भित्रिएको छ।

अध्यक्ष बानियाँका अनुसार नेपालभर कूल स्याउ खपतको करिब १० प्रतिशत मात्रै नेपाली स्याउले स्थान पाएको बताउनुहुन्छ। उहाँको अनुमानका अनुसार रु १५ करोडको चिनियाँ स्याउ काठमाडौं उपत्यकामा मात्र खपत हुन्छ भने नेपाली, चिनियाँ र भारतीय गरी करिब २५ करोड रूपैयाँको स्याउ उपत्यकाका उपभोक्ताले खाने रहेछन्।

त्यसैगरी नेपालमा केरा भारतबाट मात्र भित्रिन्छ। केराको बजार दुई महिनायता लगभग ३० प्रतिशत नेपाली र ७० प्रतिशत भारतीय रहेको बानियाँले बताउनुभयो। उहाँका अनुसार भारतीय केराको लागत आठ लाख रूपैयाँ प्रतिगाडी पर्न जान्छ। तिहारका पाँच दिनमा मात्रै रु ४० करोड मूल्यको पाँच सय गाडी केरा भारतबाट भित्रिएको छ। सोही अवधिमा कुलेश्वर थोक बजारमा रु तीन करोडको नेपाली केरा भित्रिएको छ।

पछिल्लो समय सरकारले किसानलाई प्रोत्साहन गर्न नेपाली केराको उत्पादन तथा बिक्री बढाउन भनेर विदेशी केरा प्रतितपत्र (एलसी) मार्फत मात्रै भित्र्याउन पाइने व्यवस्था गरेको छ। बजारमा नेपालीभन्दा भारतीय केरा महङ्गोमा भए पनि उपभोक्ताले किन्ने गर्छन्। सुनसरी, मोरङलगायत स्थानका केरा उतै खपत हुन्छ। त्रिवेणी, टीकापुर, महेन्द्रनगरका केरा उपत्यकामा भित्रिने गरेको छ। तर त्यहाँबाट केरा ल्याउँदाल्याउँदै बाटैमा पाकिसक्छ। भारतीय केरा महाराष्ट्र, आन्द्राबाट तीन दिनमा आइपुग्दा पनि जस्ताको तस्तै हुन्छ।

भारतीय केरा नेपाली बजारमा एक कोसा १० रूपैयाँमा बिक्री हुँदा नेपाली केरा मुस्किलले ४-५ रूपैयाँमा बिक्री हुने गरेको दुखेसो गर्दै बानियाँको छ। "अहिले भारतीय १५ टन केराको एउटा गाडी तीन लाख ढुवानी र एक लाख भन्सार गरी चार लाख रूपैयाँ तिरेपछि नेपाल आइपुग्छ। हाम्रो गाडीको ५० हजार मात्रै ढुवानी पर्छ।" उहाँले भन्नुभयो।

व्यावसायिक खेतीलाई जबसम्म प्रोत्साहन गरिँदैन तबसम्म नेपालमा भारतीय केरा विस्थापित नहुने बताउँदै बानियाँ भन्नुहुन्छ, "भारतीय केरा हेर्दा मिलेको राम्रो, ठूलो, मोटो हुन्छ। उनीहरूको केरा हेर्दै किनौंकिनौं लाग्ने प्याकेजिङ, ग्रेडिङ सबै राम्रो मिलेको हुन्छ र खाँदा पनि स्वादिलो छ। तर, नेपाली केरा खाँदा स्वादिलो भए पनि हेर्दा राम्रो देखिँदैन र लापर्वाहीका कारण बजारमा गिलो र दाग भएका हुन्छन् जसले गर्दा उपभोक्ताले बढी मूल्य तिरेरै भए पनि राम्रो नै किनेर लाने गर्छन्।"

त्यसैगरी तिहारको लागि कुलेश्वर थोक बजारमा मात्रै भारतबाट पाँच करोड मूल्यको सुन्तला भित्रिएको छ भने मौसम तीन करोड रूपैयाँको भित्रिएको बानियाँले जानकारी दिनुभयो। उहाँका अनुसार अहिले नेपालको सुन्तलाको याम सुरु नभइसकेकाले बजारमा नेपाली सुन्तलाको बिक्री शून्य छ। त्यस्तै लक्ष्मी पूँजा गर्नको लागि नरिवल दुई करोडको भित्रिएको छ। यसरी तिहारमा चाहिने मुख्यमुख्य पाँच/छ थरिका फलफूल सो बजारमा मात्रै रु ७५ करोडको आयात भएको भन्दै उहाँले भन्नुभयो, "तिहारमा मात्रै कूल आयात हेर्ने हो भने कुलेश्वर बजारमा मात्रै रु ७५ करोडभन्दा बढीको व्यापार हुन्छ।"

यतिबेला भारतीय हलुवावेद बजारमा छयाप्छयाप्ती छ। त्यस्तै काँचै खान मिल्ने जापानी हलुवावेद पनि बजारमा पर्याप्त मात्रामा छ। अध्यक्ष बानियाँका अनुसार पहिला इटालीबाट भित्र्याइने किवी अहिले चेचेनीयको किबीले नेपाली बजार लिएको छ। पछिल्लो समयमा नेपालमा पनि किबी उत्पादन हुन थालेपछि अब विस्तारै बाहिरको किबी विस्थापित हुनेमा उहाँ विश्वस्त हुनुहुन्छ। नेपाली किबीको साइज एकनासको नहुने, सानो-ठूलो सबै एकै ठाउँमा प्याकिङ गरिदिने गर्दा बजारमा विदेशी किबीको प्रभाव बढ्ने देखिन्छ।

त्यसैगरी नेपाली बजारमा पाइने ड्रागन फ्रुट भियतनामबाट भित्रिएको हो। अध्यक्षे बानियाँ भन्नुहुन्छ, "बिडम्बना भियतनामबाट यहाँ आएको ड्रागन फ्रुट २५० देखि ३०० रूपैयाँ किलो पर्छ तर नेपालमा उत्पादन भएकालाई ५०० रूपैयाँ केजीको पर्छ। हेर्दा उनीहरूको राम्रो भए पनि नेपाली ड्रागन फल मीठो छ तर उपभोक्ताले यो कुरा बुझ्दैनन्। भाडा, भन्सार आदि सबै तिरर यहाँ आइपुग्दा पनि भियतनामको ड्रागन फ्रुट केजीको २५० रूपैयाँमा पाइन्छ। नेपाली ड्रागन फ्रुट भने थोक बजारमै केजीको ५०० रूपैयाँ पर्छ।" उहाँका अनुसार किसानलाई दक्ष प्राविधिक ज्ञान नदिएसम्म नेपाली उत्पादन बिक्री हुन गाह्रो हुन्छ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी–१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी–२ | स्टोकिङ्ग डेन्सिटी–३ | स्टोकिङ्ग डेन्सिटी–४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोबाईल नं. ९८५२८२०९३५



## एल. आई. सी. को बोन्ड पेपर हराएको सूचना

राजविराजदेखी कमलपुर जाँदै गरेको अवस्थामा २०७९ साल असोज २५ गते मेरो एल. आई. सी. को बोन्ड पेपर हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८१५७०१९६० मा सम्पर्क गर्नुहोला।
**नाम : सुरेश शर्मा**
**पोलिसी नं. : २२००१६३४३**


## विश्व समाचार

### सङ्कटपूर्ण अवस्थामा रहेका शरणार्थीलाई सहयोग अभाव

संयुक्त राष्ट्रसङ्घ, १० कात्तिक (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घले पश्चिम अफ्रिकी देश चाडमा रहेका शरणार्थीको सहयोगका लागि आग्रह गरेको छ। पछिल्लो समयमा देखिएको राजनीतिकलगायतका सङ्कटका कारण यहाँका शरणार्थीहरुको अवस्था निकै सङ्कटपूर्ण रहेको जनाइएको छ।

चाडमा पाँच लाख ७५ हजारभन्दा बढी शरणार्थी रहेका र उनीहरुलाई सहयोग नपुगेको संयुक्त राष्ट्रसङ्घीय प्रवक्ताले जनाएका छन्। उनका अनुसार यहाँ हरेक दिन शरणार्थीहरु बढ्ने क्रम जारी रहेको छ।

संयुक्त राष्ट्रसङ्घीय महासचिवका प्रवक्ता स्टेफान डुजारिकले चाडमा रहेका शरणार्थीको अवस्था नाजुक रहेको भन्दै सहयोगका लागि सबैसँग अपिल गर्नुभएको हो। उहाँले चाडमा सन् २०२० का तुलनामा यसवर्ष शरणार्थी बढेर दोब्बर पुगेका पनि बताउनुभएको छ।

संयुक्त राष्ट्रसङ्घले हालैमात्र सरकारहरुले राखेका तथ्याङ्कमा भन्दा पनि बढी शरणार्थीहरु अफ्रिकी देशहरुमा रहेका र उनीहरुका समस्या समाधानका लागि ठोस पहल हुन नसकेको बताएको एक दिनपछि बिहीबार प्रवक्ता डुजारिकको सो प्रतिक्रिया आएको हो।

राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटरेसका प्रवक्ता डुजारिकले यहाँ पछिल्ला दिनहरुमा शरणार्थी बढ्दै गएका भए पनि संयुक्त राष्ट्रसङ्घीय खाद्य कार्यक्रमले आवश्यकताको १० प्रतिशत मात्र सहयोगको तयारी गरेको बताउनुभएको हो।

उता हाल देखा परिरहेका शरणार्थीहरुमा पनि आगामी दिनमा उक्त सङ्ख्या थप बढ्ने चेतावनी पनि संयुक्त राष्ट्रसङ्घले दिएको छ।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थीसम्बन्धी उच्चायुक्त फिलिपो ग्रान्डीले अफ्रिकी देशहरुमा शरणार्थीहरुको संख्या बढ्दै गएसँगै कतिपय स्थानमा उनीहरुको अवस्था थप अज्ञात तथा नाजुक बन्दै गएको बताउनुभएको थियो।

सोमालियामा मात्र यसवर्ष कम्तीमा दश लाख नागरिक खडेरीका कारण विस्थापित भएका तथ्याङ्क संयुक्त राष्ट्रसङ्घसँग रहेको छ। सोमालियामा नै आन्तरिक राजनीतिक विवाद र हिंसाका कारण विस्थापित भएकाहरुको सङ्ख्या कम्तीमा पनि पाँच लाख रहेको छ।

पछिल्ला केही वर्षयतादेखि चाड बाढी र पहिरोबाट बढी मात्रामा पीडित भएको छ। केही वर्षयताको बाढीबाट चाड प्रभावित भएको र यहाँका नागरिक लाखौंको सङ्ख्यामा विस्थापित भएका छन्।

### आतङ्ककारी हमलामा तेह्र जना मारिए

तेहरान, १० कात्तिक (रासस/सिन्ह्वा)।

इरानको दक्षिणी सिराज सहरमा भएको आतङ्ककारी हमलामा परी कम्तीमा पनि १३ जनाको ज्यान गएको समाचारमा जनाइएको छ।

बुधबार सो सहरमा अवस्थित साचेराग नामक एक धार्मिकस्थलमा सो हमला भएको थियो। इरानी गृह मन्त्रालयले आतंककारी हमलामा परेर १३ जनाको ज्यान गएको र अरु २१ जना घाइते भएका जनाएको छ।

आतङ्ककारीले शक्तिशाली आक्रमण गरेकाले घाइतेको अवस्था गम्भीर रहेको बताइएको छ। घाइतेलाई उपचारार्थ अस्पताल राखिएको छ।

आतङ्ककारी हमलामा परी मारिनेमा एकजना महिला र अरु दुई बालबालिका पनि परेका छन्। सो धार्मिकस्थलमा रहेका सुरक्षाकर्मीलाई लक्ष्य गरेर हमला गरिएको बताइएको छ।

मारिनेमा उनीहरु नै बढी परेका पनि समाचारमा जनाइएको छ। आक्रमणमा तीन जना हमलाकारी रहेका पाइएको छ। तीमध्ये एकजनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

प्रहरीले यसको अनुसन्धान थालेको छ। प्रारम्भिक अनुसन्धानबाट यस हमलामा यहाँको ताकफिरी नामको आतङ्ककारी समूह संलग्न रहेको पाइएको प्रहरीले जनाएको छ।

### इजरायलद्वारा दमासकसमा क्षेप्यास्त्र प्रहार

दमास्कस, १० कात्तिक (रासस/सिन्ह्वा)।

बुधबार मध्यरातमा इजरायलले दमासकसमा क्षेप्यास्त्र आक्रमण गरेको सरकारी समाचार समिति संस्था सानाले जनाएको छ।

सानाकाअनुसार सिरियाली वायु सुरक्षाबलले धेरै इजरायली क्षेप्यास्त्र रोकेका थिए।

राजधानीका रहेका मानिसले धेरै शक्तिशाली विस्फोट सुनेका जनाइएको छ। इजरायलले सिरियामा दुई दिनमा यो दोस्रो पटक क्षेप्यास्त्र आक्रमण गरेको जनाइएको छ।

इजरायलले सिरियाको राजधानी वरिपरि सिरियाली सैन्य साइटमा प्रहार गरेर क्षति पुऱ्याएको र यसमा परी एक सैनिक घाइते भएको जनाइएको छ।

# महोत्तरीको भङ्गाहामा कर्फ्यू

जलेश्वर, १० कात्तिक (रासस)। महोत्तरीको भङ्गाहा नगरपालिका–८ मा दुई पक्षबीच बिहीबार दिउँसो भएको झडपपश्चात् स्थितिलाई नियन्त्रमा लिन कर्फ्यू लगाइएको छ।

जिल्ला प्रशासन कार्यालयले नगरपालिकाको वडा नम्बर–८ को दक्षिणमा पूरै पडरिया गाउँ, उत्तरमा धर्मपुर, पूर्वमा लोहारपट्टीको बगडा चोक र पश्चिममा इलाका प्रहरी कार्यालय लोहारपट्टी नजिकै रहेको पुलसम्म बिहीबार अपराह्न ४ बजेदेखि अनिश्चितकालसम्मका लागि कर्फ्यू लगाइएको जनाइएको छ।

सो स्थानमा अत्यावश्यकबाहेक भेला, जुलुस, घेराउ, ऱ्याली, सभा गर्न नपाउने तथा थप धनजनको क्षति हुन नदिनका लागि कर्फ्यू जारी गरिएको महोत्तरीका प्रमुख जिल्ला अधिकारी दीपककुमार पहाडीद्वारा जारी आदेशमा जनाइएको छ।

# डोम समुदायलाई भ्याइनभ्याई

जलेश्वर, १० कात्तिक (रासस)। तराईबासीका महानपर्व छठ नजिकिँदै जाँदा बाँस र बेंतका चोयाबाट डालो, नाङ्लो र टालु टपरी बनाउने डोम समुदायलाई अहिले भ्याइनभ्याई भएको छ।

सुङ्गुर डोरचाएर वर्षैभरी गाउँ–गाउँ चहार्ने तथा गाँस, बास र कपासकै जोरजाममा पिढीदर पिढीलाई हम्मेहम्मे पर्ने गरेको महोत्तरीका डोमहरूले छठपर्व आउनासाथ कात्तिक महिनाभरी आफ्ना जीवनका हरेक दुःख बिर्सेर मिठो मसिनो खाने र राम्रो लगाउने शौभाग्य प्राप्त भएको महोत्तरी जिल्लाका औरही नगरपालिका–६ की ६० वर्षीया तेतरीदेवी डोमिनले बताउनुभयो।

जिल्लाको विभिन्न गाउँ, शहरमा हुने भोजभत्तेरबाट जुठोसमेत ल्याएर स–परिवार खाने गरेको डोमले कात्तिकमा नाना थरीका परिकार पकाएर खाने गरेको सोही ठाउँ बस्ने ५५ वर्षीया देवकीदेवी डोमिनले बताउनुभयो। डालो बुन्दै गरेकी जिल्लाको भङ्गहा नगरपालिकाकी ६५ वर्षीया दानादेवी डोमिनले गहभरी आँशु लिएर भनिन्, “मालिक ! कात्तिक लाग्ने बितिक्कै घरका बच्चादेखि बुढासम्मले काम पाएर बिहानदेखि बेलुकासम्म डालो, नाङ्लो र टालु टपरी बनाउनमा तल्लीन हुन्छौं भने बजारमा बेच्दा मनग्य आम्दानी हुने भएकाले हामी निक्कै खुशी हुन्छौं।” तर वर्षभरी काम नचल्नाले फेरि केही दिनपछि दुःख थपिन्छ।

छठ मनाउने प्रत्येक तराई बासीले छठमाता तथा सूर्यदेवलाई बाँस र बेतकै चोयाबाटै बनाइएका डालो, नाङ्लो र टालु टपरीमा अर्घ्य दिनुपर्ने भएकाले प्रत्येक परिवारमा पाँच/सात वटा बाँसका भाँडाकुडा किन्नुपर्दछ।

छठ पर्वको आगमनसँगै डोमका घरका आँगनमा पनि छठमाता र सूर्यदेवको प्रत्यक्ष उपस्थिति रहने गरेको विश्वासपूर्ण कुरा बताउँदै गौशाला नगरपालिकाका ५५ वर्षीय शिवजी डोमले आफू सोही कारण दिनरात ब्रतालुको निम्ति बाँसका भाडा बनाउने गरेको सुनाउनुभयो।

त्यस्तै जिल्ला सदरमुकाम जलेश्वरका ईन्दल डोमले डालो, नाङ्लो र टालु टपरी बेचेर कात्तिकमा वर्षभरीकै सबै कर्जा चुक्ता गरेर आउने छौं महिनाको खर्चबर्चको जोहो गर्न जति कमाई हुने गरेको बताउनुभयो। जिल्लाको एकडारा गाउँपालिकाका महिन्दर डोमले घरका बालकदेखि बुढासम्मले डालो नाङ्लो बेचेर प्रतिव्यक्ति २० देखि ३० हजार र प्रत्येक परिवारले दुई/तीन लाखसम्म आम्दानी गर्ने गरेको बताउनुभयो।

अहिले जिल्लाको गाउँगाउँमा डोम जातीका प्रत्येक घरमा बाँस र बेंतको थुप्रो राखिएको छ भने परिवारका सबैले बाँस र बेंतका चोयाबाट सामग्री बनाउन व्यस्त देखिन्छन्। दिनदिनै छठ पर्व मनाउने व्यक्तिको सङ्ख्यामा वृद्धि हुँदै जाँदा प्रत्येक व्यक्तिलाई बाँसको भाँडाकुडा पुऱ्याउन डोम जातिलाई सकस भएको छ भने डोम परिवारलाई ती सामग्री बनाउन अहिलेदेखि भ्याइनभ्याई छ।

एकातिर डोम समुदायलाई बेंत र बाँसका सामग्री बनाउन भ्याइनभ्याई छ भने अर्कोतिर जिल्लाका बजारमा बाँसका भाँडाकुडा किनबेच गर्न पनि ब्रतालुको ठूलो भीड लाग्ने गरेको छ।

# खुला चौरमा पढ्न बाध्य

जलेश्वर, १० कात्तिक (रासस)। महोत्तरीको एक विद्यालयमा विद्यार्थीको पठनपाठनका लागि बनाइएको डेस्कबेञ्च कक्षाकोठामा र विद्यार्थी खुला चौरमा पढ्दै गरेको पाइएको छ। जिल्ला सदरमुकाम जलेश्वर नगरपालिका–५ मा रहेको माध्यमिक विद्यालय पर्सापतैलीमा विगत पाँच महिनादेखि स–साना बालबालिका कक्षाकोठा र डेस्कबेञ्च हुँदाहुँदै पनि खुला चौरमा पढ्न बाध्य छन्।

प्रदेश सरकारले उक्त विद्यालयमा गत आर्थिक वर्ष २०७८/७९ मा भौतिक निर्माणका लागि रु ५० लाख पठाएको थियो। जनप्रतिनिधिहरू जिम्मेवार नहुँदा स–साना बालबालिका चर्को घाम, वर्षा र धुलोधुवाँको सामना गर्दै खुला चौरमा पढ्न बाध्य भएका हुन्।

उक्त बजेटबाट विद्यालयमा रहेको सरस्वती मन्दिरको पर्खाल, विद्यालयको मुख्यद्वारबाट मन्दिरसम्म पुग्ने एक–दुई फिट चौडाइ भएको ढलान बाटो र करिब एक सय ५० वटा गुणस्तरहीन प्लाइ लगाएर डेस्क–बेञ्च निर्माण गरिएको छ।

गत असारदेखि कात्तिक महिना लाग्ने बेलासम्म जिल्लामा पानी परेकाले विद्यालयमा निर्माण गरिएको डेस्कबेञ्च कक्षाकोठामै राखी बाहिरबाट ताल्चा लगाइएको छ। कक्षा कोठा छ, कमसलै भए पनि डेस्कबेञ्च पनि छन् तर विद्यार्थी भित्र छिर्न पाएका छैनन्।

स–साना बालबालिकालाई खुला चौरमा र चर्को घाममा पढाउँदै गरेकी शिक्षिका कल्याणी चौधरीले विगत चार–पाँच महिनादेखि बालबालिकालाई यस्तै पढाउँदै आएको जानकारी दिनुभयो। उहाँले बालबालिका खुला ठाउँमा पढ्नुपर्दा पटक–पटक बिरामी हुने, नियमित नआउने र बर्खामा पानी परेको दिन पठनपाठन ठप्प हुने बताउनुभयो।

यस विषयमा प्रधानाध्यापक रंजय रायले आफूहरूलाई कति बजेट आयो, कति खर्च भयो भन्नेबारेमा केही थाहा नभएको बताउनुभयो। साथै उहाँले प्लाइको डेस्कबेञ्च बर्खाको पानीमा बिग्रिने डरले जनप्रतिनिधिले नै चारवटा कक्षाकोठमा ती डेस्कबेञ्च राखेर ताल्चा लगाइदिएका कारण बालबालिका खुला आकाशमुनि पढ्न बाध्य भएको बताउनुभयो। उहाँले नगर शिक्षा ऐनका कारण विद्यालयसँग कुनै अधिकार नरहेको र जनप्रतिनिधिले आफूखुसी गर्न थालेका कारण दिनानुदिन पठनपाठन तथा विद्यालयको वातावरणमा नाकारात्मक प्रभाव परिरहेको बताउनुभयो।

# एक पालिका एक सहुलियत खाद्य पसल खोल्न सिफारिस

काठमाडौँ, १० कात्तिक (रासस)। राष्ट्रिय योजना आयोगले एक पालिका एक सहुलियत खाद्यान्न पसल खोल्न सरकारलाई सिफारिस गरेको छ। नागरिकको खाद्य सुरक्षासम्बन्धी मौलिक हक कार्यान्वयनका लागि आयोगले “आपूर्ति नीति २०६९ को पुनरावलोकन अध्ययन प्रतिवेदन २०७९” मार्फत् यस्तो सिफारिस गरेको हो।

एक दशकअघिबाट कार्यान्वयनमा ल्याइएको राष्ट्रिय आपूर्ति नीतिका अधिकांश व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयनमा आउन नसकेकाले त्यसलाई पुनरावलोकन गर्नु आवश्यक रहेको प्रतिवेदनमा जनाइएको छ। विद्यमान आपूर्ति नीतिमा खाद्य सुरक्षाका लागि सरकारले कम्तीमा २५ हजार मेट्रिक टन खाद्यान्नको मौज्दात राख्नुपर्ने लक्ष्य भएपनि त्यो पूरा हुन नसकेको तथा सहुलियत पसलको सङ्ख्या बढ्न नसकेको प्रतिवेदनमा उल्लेख छ।

“खाद्य सञ्चितिमा नेपाल सरकारको सार्वजनिक संस्थान र प्रदेश सरकारसँग समन्वय गरी प्रदेशगत रुपमा खाद्य भण्डारण गर्ने र यस कार्यमा प्रदेशलाई बढी जिम्मेवार बनाउनुपर्ने देखिन्छ”, प्रतिवेदनमा भनिएको छ, “आधारभूत वस्तु तथा सेवामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनावद्ध आपूर्तिको व्यवस्था गरिनुपर्छ।”

नेपालको संविधानले हरेक नेपाली नागरिकलाई खाद्यको हक सम्बन्धी व्यवस्था गरेको भए पनि त्यसको कार्यान्वयन सुस्त भएकाले अब खाद्य वस्तुको वितरणमा स्थानीय तहलाई जिम्मेवार बनाइनुपर्ने आयोगको निष्कर्ष छ। सार्वजनिक र निजी क्षेत्रसँगको साझेदारीमा एक पालिकामा कम्तिमा एउटा सहुलियत पसल खोली आवश्यक खाद्यान्न वस्तु प्रति परिवार तोकेको सहुलियत मूल्यमा बिक्री गर्ने प्रबन्ध मिलाउनुपर्ने उसको सुझाव छ। यस्ता सहुलियत पसलमा चामल, पिठो, दाल, नुन, तेल जस्ता पदार्थ अनिवार्य रुपमा राख्नुपर्नेछ।

त्यस्तै, खाद्य सुरक्षाका लागि स्थानीय वस्तुको उत्पादन र सञ्चय बढाउनुपर्ने तथा स्थानीयस्तरमा नै खरिद गरी वितरण गर्ने व्यवस्था गनुपर्ने प्रतिवेदनमा उल्लेख छ। स्थानीय उत्पादनबाट अपुग भएमा मात्र आयात गर्ने नीति सरकारले लिनुपर्ने पनि आयोगको सुझाव छ।

वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागको संयन्त्रले मात्रै बजार अनुगमन प्रभावकारी हुन नसकेको विषय पनि प्रतिवेदनमा औल्याइएको छ। “उपभोक्ता हित संरक्षण ऐनले बजार अनुगमनमा प्रदेश र स्थानीय तहलाई समेत संलग्न गराउन खोजे पनि समुचित कार्य हुन नसकेको तथा तहगत जिम्मेवारी स्पष्ट नभएको अवस्था छ”, प्रतिवेदनमा भनिएको छ, “सार्वजनिक वितरण प्रणालीलाई बढी जोड दिने तथा खाद्य अधिकार र खाद्य सुरक्षालाई ध्यानमा राख्दै सार्वजनिक वितरण, खाद्य सुरक्षा तथा पोषण समेटी नयाँ नीति तय गर्नुपर्ने आवस्यकता छ।” वस्तु तथा सेवाको मूल्य निर्धारण गर्न उपयुक्त बजार हस्तक्षेपको संयन्त्र परिचालन गर्दै मूल्य स्थिरता कायम गर्न सकिने सुझाव आयोगको छ।

त्यसैगरी, आधारभूत वस्तु तथा सेवाको सूचीमा समयानुकुल परिवर्तन गर्ने र न्यूनतम परिमाणको वार्षिक खाद्य सञ्चिति परिमाण तोकी त्यस्ता वस्तुको समर्थन मूल्यमा खरिद गर्न एक खाद्य आपूर्ति कोष स्थापना गर्न पनि सरकारलाई सुझाव दिइएको छ। यस्तो कोष स्थापना गर्न सङ्घ सरकारले प्रदेश सरकारलाई ऋण दिने गरी रकम विनियोजन गर्न सक्नेछ।

आधारभूत वस्तु तथा सेवामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिन पनि सुझाव दिइएको छ। त्यसका लागि दुर्गम तथा पिछडिएको क्षेत्रका लागि आवस्यक वस्तु सहुलियत दरमा उपलब्ध गराउन सरकारले ढुवानी अनुदानसमेत उपलब्ध गराउनुपर्नेछ।

अध्ययन प्रतिवेदनअनुसार राष्ट्रिय खाद्य कार्ययोजनाका आधारमा आवश्यक वस्तु तथा सोको परिमाण पालिकागत आधारमा तय गरिनेछ। सोही आधारमा रणनीतिक सञ्चय क्षेत्र तोकी आवश्यक वस्तुको सञ्चय र वितरण गर्ने व्यवस्था मिलाउनसमेत सुझाव दिइएको छ।


डेंगीबाट बचौं

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरू आउनु।
- वाकवाकी लाग्नु वा वान्ता हुनु।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१–५३१०९६

ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१–५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*